आज मिति २०८३ श्रावण २७ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १४६ औं नगरकार्यपालिका बैठक बसि निम्नानुसार निर्णय गरियो।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

## मिति २०८३।०४।२७ गतेको १४६ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

आर्थिक वर्ष २०८२/८३ को समग्र वार्षिक कार्यक्रम कार्यान्वयनको समग्रतामा समिक्षा गरियो, विकास निर्माण र सेवा प्रवाहलाई थप व्यवस्थित नतिजामूलक गर्दै लैजाने साझा प्रतिवद्दता व्यक्त गरियो ।

निर्णय नं २

जिल्ला दररेट निर्धारण समितिबाट आ.ब.२०८३/८४ का लागि निर्णय बमोजिमको जिल्ला दररेटलाई नगर दररेटको रुपमा लागू गर्ने साथै जिल्ला दररेटमा नसमेटिएका विषयहरु अन्य नजिकको स्थानीय तह तथा जिल्ला दररेटलाई आधार मानि दररेट कायम गर्ने ।

निर्णय नं ३

नगरपालिकाको आ.ब.२०८२/८३ को आय ठेक्का नं. (BM/SBBP/SQ/02/082-83) बमोजिम सिम्लेघाट क्षेत्रबाट श्री शर्मिला निर्माण सेवाले उत्खनन अवधिभर सम्झौताभन्दा बढी निकालेको नदीजन्य पदार्थको सम्बन्धमा नगरकार्यपालिकाको १४१ औ बैठकको निर्णय बमोजिम जरिवाना राजश्व रु.२७,९१,२६१/- (VAT, TDS सहित) दाखिला गर्नुपर्नेमा २०८३ आषाढ मसान्तसम्म रु १६,५०,०००/- मात्र दाखिला गरेकोले श्री शर्मिला निर्माण सेवालाई बाँकी राजश्व रकम रु. ११,४०,०००/- दाखिला गर्न अन्तिम पटकका लागि १ महिनाको अवधि दिई पत्राचार गर्ने ।

निर्णय नं ४

भीरकोट नगरपालिका अन्तर्गतको बयरघारी सुन्दरबजार मोहनडाँडा हुँदै पर्वत सडकलाई कमल पंगेनी मार्ग भनी नामाकरण गर्ने र आँधीखोलाको पुलको मुखमा स्वागत द्वार बनाई कमल पंगेनीको शालिक राख्न अनुमति प्रदान गर्ने ।

निर्णय नं ५

भीरकोट नगरपालिका अन्तर्गतको आँधिखोलाको संम्भाव्य घाटहरुको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) तयार गर्नका लागि र दिगो विकास स्थानीयकरण (LDC Localization) कार्यका लागि TOR तथा लागत अनुमान स्वीकृत गर्ने, साथै सो परामर्श सेवा तर्फबाट उक्त कार्यको खर्च लेख्ने गरी बजेट विनियोजन गर्ने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ६

भीरकोट नगरपालिका बालमैत्री स्थानीय शासनको स्थिति प्रतिवेदनका लागि पूर्व तथ्याङ्क अद्यावधिक प्रश्नावली तथा सुचक खाका स्वीकृत गर्ने ।

निर्णय नं ७

भीरकोट नगरपालिका क्षेत्रभित्र बढ्दो बजारक्षेत्र, विद्यालय, सामाजिक संघसंस्थाको कारणले शान्ति शुरक्षामा बढेको जोखिम न्युनिकरण गरी सान्तिशुरक्षा कायम गर्न नगरपालिका अन्तर्गत रहेको दहथुम प्रहरीचौकिको लागि एकवटा चारपाङ्गे सवारीसाधन माग गर्ने र उक्त सवारीसाधनको लागि आवश्यक पर्ने इन्धन, सर्भिसिङ्ग र मर्मतको लागि आवश्यक पर्ने बजेट रकम नगरपालिकाले व्यवस्थापन गर्ने ।

निर्णय नं ८

भीरकोट नगरपालिकामा कार्यरत नगरप्रहरी हालसालै अवकास हुनुभएको हुँदा नगर प्रहरी सम्बन्धि ऐन, २०७५ र नेपाल सरकारले प्रहरी जवानका लागि तोकेको योग्यता, पाठ्यक्रम तथा शारीरिक तन्दुरुस्ति बमोजिम २ जना नगरप्रहरी जवान पदपुर्ति प्रक्रिया अगाडि बढाउने साथै परिक्षा र छनौटको जिम्मा वडा प्रहरी कार्यालय वालिङलाई प्रदान गर्ने ।

निर्णय नं ९

भीरकोट नगरपालिका र मातहतका कार्यालयहरुमा रिक्त रहेको तपसिल बमोजिमका कर्मचारीहरु करार सेवामार्फत पदपूर्ति गर्ने ।

तपसिल

| क्र.स. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | एम्बुलेन्स ड्राइभर | १ जना | |
| २ | जे सि वि अपरेटर | १ जना | |
| ३ | कार्यालय सहयोगी | १ जना | ९ नं. वडा कार्यालय |
| ४ | खा.पा.स.टे./चौथो | १ जना | |

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १०

भीरकोट नगरपालिकाको राजश्व परामर्श समितिको गत आ.ब.२०८२/८३ को वार्षिक प्रतिवेदन माथि छलफल गरियो । चालु आ.ब. मा राजश्वका थप शिर्षकहरु पहिचान गरि राजश्वको दायरा बढाउदै राजश्व संकलनलाइ प्रविधिमैत्री तथा व्यवस्थित बनाउँदै लैजाने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख